## आ.व. २०८०/८१ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी सूचना

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सोको नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ ( दोस्रो संशोधन, २०७८ सहित ) बमोजिम आ.व. २०८०/८१ मा न्यूनतम रोजगारीमा आबद्ध हुन चाहने ईच्छुक १८-५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिले आफू स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धीत वडा कार्यालयमा २०७९ सालको फागुन महिना भित्रमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनका लागि निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा सम्बन्धीत वडा कार्यालय, रोजगार सेवा केन्द्र, चिङ्गाड गाउँ कार्यपालिकाको कार्यालय तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट निःशुल्क प्राप्त गर्न सकिनेछ।

यस प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पुऱ्याउने भएकोले सोही बमोजिमका व्यक्तिहरुलाई मात्र निवेदन दिनको लागि अनुरोध गरिन्छ। साथै सूचीकरणको लागि निवेदन दिदा निवेदक र निजका परिवारको यथार्थ र निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुहुन अनुरोध गरिन्छ। अन्यथा अपूर्ण र झूठ्ठा निवेदन रद्द गरिनेछ।

### निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु

१) निवेदकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
२) निवेदकको २ प्रति पासपोर्ट साईजको फोटो।
३) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, जन्म मिति, नागरिकता नं., जारी मिति तथा जिल्ला
४) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था ( स्वदेश/विदेश/स्वरोजगार)।
५) स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपि ( ना.प्र. पत्र अन्यत्रबाट जारी भएको भए बसाईसराई प्रमाणपत्रको प्रतिलिपि र ना.प्र. पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि )।
६) कुल वार्षिक पारिवारिक आय, परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता लिएको/नलिएको विवरण।
७) यदि निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपशिल बमोजिमको विवरण।
देश ............... पासपोर्ट नं. .......... विदेशमा गरेको कामसँग सम्बन्धीत सीप ................
८) निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचीकृत गरिनेछ।

### बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी व्यवस्था

१) निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएको हुनु पर्ने।
२) स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय ( चालु आ.व. को सन्दर्भमा रु.५७,७००/- ) भन्दा कम आय भएको हुनु पर्ने।

**थप जानकारीको लागि सम्बन्धीत वडा कार्यालय तथा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।**

भवानी प्रसाद शर्मा
प्राविधिक सहायक पाँचौ

प्रमुख प्रशासकीय अधिकृत
२०८०।०१।०२